**अनुसूची २**

**(दफा ४ तथा अनसूची १ को भाग १ सँग सम्बन्धित)**


# चौरजहारी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ८** | **सङ्ख्या : १२** | **मिति : २०८१/११/२४**

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८१/११/२८**


## जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना:** चौरजहारी नगरपालिकाको जहारीखोला क्षेत्रभित्र वातावरण संरक्षण, जैविक विविधता संरक्षण, कृषिजन्य उत्पादन र पशुपन्छी तथा मत्स्यपालनको माध्ययमबाट स्वरोजगार सृजनासँगै उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गरिवी निवारण गर्नुको साथै कृषि, पशुपालन तथा मत्स्य पालनको व्यवसायीकरण गर्न अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन अविच्छिन्न उत्तराधिकारीवाला कृषक समूह गठन गरी जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

चौरजहारी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३६ बमोजिम चौरजहारी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम **'चौरजहारी नगरपालिकाको हरित जहारीखोला कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'कार्यक्रम' भन्नाले चौरजहारी नगरपालिकाको जहारीखोला आसपासको क्षेत्रमा वातावरण संरक्षण गर्दै आयआर्जनका लागि कृषि, पशुपंक्षी पालन लगायतका पूर्वाधार निर्माण र सोसँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(ख) 'कृषक समूह' भन्नाले यस कार्यविधि बमोजिम गठन भएको जहारीखोला हरित कृषि आयआर्जन कृषक समूह सम्झनुपर्छ ।

चौरजहारी नगरपालिका

(ग) 'नगरपालिका' भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) 'कार्यालय' भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ङ) 'कृषि' भन्नाले बाली, बागबानी, पशुपंक्षी, मत्स्य आदि कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग एवम् व्यवसाय सम्झनुपर्छ ।

(च) 'कृषि सामग्री' भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, मत्स्य बिज, सिमेन, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधी तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, तरल नाइट्रोजन, पोषक तथा सुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनुपर्छ ।

(छ) 'जहारीखोला' भन्नाले चौरजहारी नगरपालिका ३, ४, ५, ६, ७, ८, १०, ११ र १३ नं. वडाहरूका जहारीखोलाको पानीबाट सिंचित हुने आसपासका क्षेत्रहरूलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## कार्यान्वयन प्रक्रिया

**३. कार्यक्रम कार्यान्वनयको उद्देश्य** : जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम सञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छ :

(क) जहारीखोला आसपासको क्षेत्र सदावहार हरियाली बनाइ वातावरण संरक्षण गर्न

(ख) जहारीखोला आसपासको बगर क्षेत्रलाई कृषि र पशुपालनका लागि उपयोग गरी आयआर्जनमा टेवा पुऱ्याउन

(ग) कृषि व्यवसायका लागि कृषकहरूलाई प्रोत्साहन गरी आत्मनिर्भर बनाउन

(घ) जहारीखोलाको उचित व्यवस्थापन गरी खेतीयोग्य जमीन कटान गर्ने कार्यलाई रोक्न

(ङ) जहाखीखोलाको पानी र आसपासको उर्वर माटोलाई कृषि व्यवसायीकरणमा उपयोग गर्न

**४. स्रोत व्यवस्थापन** : जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रम कार्यान्वयनका लागि देहायबाट प्राप्त बजेटबाट स्रोत व्यवस्थापन गरिनेछ ।

(क) चौरजहारी नगरपालिकाबाट विनियोजित बजेट

(ख) सङ्घ सरकारबाट प्राप्त बजेट

(ग) प्रदेश सरकारबाट प्राप्त बजेट

(घ) दातृ निकाय वा अन्य सङ्घसंस्थाबाट प्राप्त बजेट

**५. कार्यक्रम कार्यान्वयन अवधि :** (१) कार्यक्रम कार्यान्वयन अवधि सामान्यतया सालबसाली रूपमा सञ्चालन गरिनेछ ।

(२) निर्माण कार्य सम्पन्न भएपश्चात् त्यसको संरक्षण, सम्वर्धन र उपयोगको दीगो व्यवस्थापन भने सम्बन्धित कृषक समूहले गर्नुपर्नेछ ।

**६. कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी :** जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रमका लागि बिनियोजित बजेट कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी चौरजहारी नगरपालिका कार्यालयको आर्थिक विकास शाखा, पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन शाखाको हुनेछ ।

चौरजहारी नगरपालिका

७. **कार्यक्रम कार्यान्वयन प्रक्रिया :** (१) जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रमका लागि बजेट विनियोजन वा प्राप्त भएमा नगर कार्यपालिकाको बैठकले जहारीखोला क्षेत्रमा पर्ने कुनै एक वडा तोक्नेछ।

(२) उपदफा १ बमोजिम स्थान तोकेपछि सम्बन्धित वडा कार्यालयले कृषक समूह गठनका लागि कम्तिमा ७ दिनको समय दिइ **अनुसूची-१** बमोजिम भेला बस्ने मिति, स्थान र समय तोकेर सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ र त्यसको जानकारी नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

(३) उपदफा २ बमोजिमको सूचना बमोजिम सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको रोहवहरमा भेला गराइ जहारीखोला हरित कृषि कृषि आयआर्जन कृषक समूह गठन गर्नुपर्नेछ।

(४) जहारीखोला आसपासका क्षेत्रमा कृषिजन्य कार्य गर्दै आएका कृषकहरूलाई उक्त कृषक समूहमा आवद्ध हुन पहिलो प्राथमिकता हुनेछ।

(३) उपदफा २ बमोजिम गठन भएको कृषक समूहको विधान स्वीकृत भइ नगरपालिका कार्यालयमा दर्ता हुनुपर्नेछ।

(४) कृषक समूह गठन र नगरपालिका कार्यालयमा दर्ता पश्चात् उक्त कृषक समूहले स्थायी लेखा नम्बर लिनुपर्नेछ।

चौरजहारी नगरपालिका

८. **कार्ययोजना बनाउनुपर्ने** : (१) कृषक समूहले **अनुसूची-२** बमोजिम कार्ययोजना बनाउनुपर्नेछ।

(२) कार्ययोजनाबमोजिम कार्यक्रम कार्यान्वयन गरी उपलब्धिमूलक बनाउनु सम्बन्धित कृषक समूहको कर्तव्य हुनेछ।

९. **सम्झौता गर्नुपर्ने** : (१) दफा ५ बमोजिम आवश्यक प्रक्रिया पूरा गरी सम्झौता गर्न आएमा नगरपालिका कार्यालयले लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्नेछ।

(२) लागत अनुमान तयार गर्दा आर्थिक विकास शाखा, पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन शाखाले स्थलगत अनुगमन गरी यथार्थ रूपमा प्राविधिक लागत अनुमान तयार गर्नुपर्नेछ।

(३) सम्झौताका लागि कृषक समूहले देहायका कागजातसहित **अनुसूची-३** बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ :

(क) सम्बन्धित कृषक समूहको सम्झौता गरिदिने सम्बन्धमा निवेदन

(ख) सम्झौता गर्ने सम्बन्धमा कृषक समूहको निर्णय

(ग) जग्गा लिजमा लिएको भए सोको सम्झौता पत्र

(घ) कृषक समूह दर्ता प्रमाणपत्र

(ङ) कृषक समूहको स्वीकृत विधान

(च) कार्ययोजना

(च) कार्यक्रम सम्झौता गरिदिने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस

(४) जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वयनको सम्झौताका लागि नगरपालिका कार्यालयमा दफा ५ बमोजिम गठित कृषक समूहले उपदफा ३ बमोजिमका कागजात पेस गरेमा उक्त कृषक समूहसँग नगरपालिका कार्यालयले कार्यक्रम कार्यान्वयनका लागि प्रशासन तथा योजना शाखाको निर्धारित ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(५) कृषक समूहसँग सम्झौता पश्चात् नगरपालिका कार्यालयले कार्यादेश समेत दिनुपर्नेछ।

१०. **जग्गा लिजमा लिन सक्ने** : (१) दफा ५ बमोजिम गठित कृषक समूहको आफ्नै स्वामित्त्वको जग्गा नभएमा जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वनयका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचना निर्माण गर्न जग्गा लिजमा लिन सक्नेछ।

(२) जग्गा लिजमा लिदा जग्गा धनी र कृषक समूहबीच जग्गा लिजमा लिने सम्बन्धमा सम्झौता गर्नुपर्नेछ।

(३) जग्गा लिजमा लिदा कम्तिमा १० वर्षको समयावधि तोकेर सम्झौता गर्नुपर्नेछ।

११. **श्रमदान गर्नुपर्ने** : (१) जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन गर्न गठित कृषक समूहले कार्यालयसँग गरेको सम्झौताबमोजिमको कार्यमा श्रमदान गर्नुपर्नेछ।

(२) पूर्वाधार तथा संरचना निर्माण लगायतका जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रमसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न गठन भएको कृषक समूहले कुल विनियोजित बजेटको १५ प्रतिशतले हुन आउने रकम बराबरको श्रमदान गर्नुपर्नेछ।

(३) कृषिजन्य यन्त्र उपकरण खरिद गर्नुपर्ने भएमा भने १५ प्रतिशतले हुन आउने रकम नगद साझेदारी गर्नुपर्नेछ।

## परिच्छेद ३

## क्रियाकलाप, अनुगमन, भुक्तानी र कारवाही

१२. **सञ्चालन गर्न सकिने क्रियाकलापहरू:** (१) जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रममा गर्न सकिने क्रियाकलापहरू **अनुसूची** ४ बमोजिम हुनेछन्।

१३. **बीमा गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बाली तथा पशुपन्छी बीमा गर्नुपर्नेछ।

(२) व्यवसायिक रूपमा सञ्चालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म / भौतिक पूर्वाधारको समेत बीमा गर्न सकिनेछ।

(३) बिमा नगरेका कारण त्यस्तो व्यवसाय तथा  पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार स्वयं कृषक समूह हुनुपर्नेछ।

१४. **सार्वजनिक सुनाइ र विवरण प्रकाशन गर्नुपर्ने :**(१) कार्यक्रमको पारदर्शिताको लागि कृषक समूहले सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।

(२) सञ्चालन भएको कार्यक्रमको बारेमा कृषक समूहले जानकारीमूलक होडिङबोर्ड समेत राख्नुपर्नेछ।

१५. **अनुगमन गर्ने** : (१) कार्यक्रम कार्यान्वयनको अवस्थाका सम्बन्धमा नगरपालिका कार्यालयबाट अनुगमन हुनेछ।

(२) अनुगमनका क्रममा प्रदान गरिएका सुझावहरू कार्यान्वनय गर्नु सम्बन्धित कृषक समूहको कर्तव्य हुनेछ।

**१६. <u>भुक्तानी गर्नुपर्ने</u>** : (१) सम्झौताबमोजिम कृषक समूहले नगरपालिका कार्यालयमा रकम भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(२) निवेदनका साथ कृषक समूहले सम्झौता पत्र, निर्माण वा खरिद कार्यसँग सम्बन्धित बिल, भरपाइ, सार्वजनिक सुनुवाइ, समूहको निर्णय, वडा कार्यालयको सिफारिस लगायतका आवश्यक कागजातहरू पेस गर्नुपर्नेछ।

(३) कृषक समूहले कागजात पेस गरेबमोजिम सम्झौताअनुसारको निर्माण कार्य भए/नभएको सम्बन्धमा प्रशासन, योजना तथा अनुगमन शाखाको नेतृत्वमा अनुगमन गरी मनासिव भएमा भुक्तानी गर्नुपर्नेछ।

**१७. <u>कारबाही</u> :** (१) यस कार्यविधिबमोजिम कार्यक्रम कार्यान्वनयका लागि प्राप्त रकम सम्झौताबमोजिम प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा देहायबमोजिमको सजाय गर्न सकिनेछ।

(क) सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने।

(ख) नगर कार्यपालिका तथा मातहतका कार्यालयबाट प्रदान गरिने अनुदानका कार्यक्रममा समावेश नगर्ने ।

(ग) वडा कार्यालयबाट कुनै पनि सिफारिस उपलब्ध नगराउने।

(घ) सम्बन्धित अनुदानग्राहीलाई कालो सूचीमा राख्ने र सोको जानकारी सम्बन्धित अन्य कार्यालयमा पठाउने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस) पेस गरेको अवस्थामा मनासिव लागेमा मिनाह गर्न सकिनेछ।

**१८. <u>दोहोरो सुविधा लिन नपाउने</u> :**(१) कृषक समूहले एउटै कामको लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भइ लागत इस्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

**१९. <u>प्रतिवद्धता गर्नुपर्ने</u>** : (१) जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वनयका लागि गठन भएको कृषक समूहले नगरपालिका कार्यालयमा सम्झौताका बखत प्रतिवद्धता समेत गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम गर्नुपर्ने प्रतिवद्धताको ढाँचा **<u>अनुसूची ६</u>** बमोजिम हुनेछ।

(३) प्रतिवद्धता विपरित भएको पाइएमा नगर कार्यपालिकाले दफा १६ बमोजिम कार्वाही गर्नसक्नेछ।

चौरजहारी नगरपालिका

## परिच्छेद ४
## विविध

**२०. पुरस्कृत गर्न सकिने :** (१) कार्यक्रमको निरन्तरता पश्चात् विभिन्न वडामा गठन भएका जहारीखोला हरित कृषि कृषि आयआर्जन कृषक समूहहरूबीच उत्कृष्ट कार्य सम्पादन गर्ने समूहहरूलाई पुरस्कृत गर्न सकिनेछ।

(२) सम्झौतामा तोकिएको समयभन्दा अगाडि निर्धारित मापदण्ड तथा गुणस्तरीय कार्य सम्पन्न गरेमा कार्यक्रम कार्यान्वयन गर्ने कृषक समूहलाई नगरसभा पुरस्कृत गर्न सकिनेछ।

२१. **जवाफदेही हुनुपर्ने** : (१) यस कार्यविधिमा तोकिएका सर्त पालना गरी सम्बन्धित पक्षले जवाफदेहिता पूरा गर्नुपर्नेछ।

(२) सम्बन्धित स्थानमा कृषक समूहले संरचना निर्माण नगरेमा वा झुट्टा विवरण र कागजात पेस गरेको पाइएमा कानुनबमोजिम कृषक समूह नै जवाफदेही हुनेछ।

**२१. व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्ने :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै विषयको व्याख्या तथा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको कार्यालयले व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

चौरजहारी नगरपालिका

**अनुसूची १**
**(दफा ७ को (२) सँग सम्बन्धित)**

…...... वडा कार्यालय

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

## जहारीखोला हरित कृषि आर्यआर्जन कार्यक्रमका लागि भेला बस्ने सम्बन्धी सूचना !

(प्रकाशन मितिः ....................)

चौरजहारी नगरपालिकाको आर्थिक वर्ष ................ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम र चौरजहारी नगर कार्यपालिकाको मिति ................. गतेको बैठकको निर्णयअनुसार हाम्रो यस चौरजहारी नगरपालिका .... नम्बर वडाको जहारीखोला आसपासको क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्न हाम्रो यस चौरजहारी नगरपालिका वडा नं. ..... को जहारीखोला आसपासको क्षेत्रमा कार्यक्रम कार्यान्वनय गर्न जहारीखोला हरित कृषि आयआर्जन कृषक समूह गठन गर्नुपर्ने भएकोले यस वडाका जहारीखोला आसपासका कृषक समूहमा आवद्ध भइ आयआर्जनमा संलग्न हुन चाहने सम्पूर्ण कृषकहरू तपसिलको मिति स्थान र समयमा उपस्थितिका लागि सादर अनुरोध छ ।

**तपसिल**

मिति :

स्थान :

समय :

चौरजहारी नगरपालिका

**अनुसूची २**

**(दफा ८ (१) सँग सम्बन्धित)**

**जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रमको कार्ययोजना**

| क्र. सं. | कार्यक्रम | क्रियाकलाप | लागत अनुमान | कृषक समूहले व्यहोर्नुपर्ने लागत | वार्षिक अनुमानित आम्दानी | लाभान्वित घरधुरी | प्रत्यक्ष रोजगारी | अप्रत्यक्ष रोजगारी | कार्यान्वयन योजना |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

नामथर :

पद:

सम्पर्क नं. :

मिति :

कृषक समूहको छाप

चौरजहारी नगरपालिका

**अनुसूची ३**

**(दफा ९ (३) सँग सम्बन्धित)**

मिति :

**विषय : <u>सम्झौता गरी पाऊँ</u> ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम)

उपर्युक्त विषयमा जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन गर्न हाम्रो यस जहारीखोला हरित कृषि आयआर्जन कृषक समूह चौरजहारी नगरपालिका- ... रुकुम (पश्चिम) जहारीखोला हरित कृषि आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम गठन भइ कार्यक्रम कार्यान्वयन गर्न इच्छुक भएकोले आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न गरी सम्झौता लागि सादर अनुरोध छ ।

**<u>निवेदक</u>**

नामथर :
पद:
सम्पर्क नं. :
मिति :
कृषक समूहको छाप

चौरजहारी नगरपालिका

## अनुसूची ४
### (दफा १२ सँग सम्बन्धित)

जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रममा सञ्चालन हुने क्रियाकलापहरूको सूची र सञ्चालन विधि

| **क्र.सं.** | **क्रियाकलाप** | **उद्देश्य** | **कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू** |
|---|---|---|---|
| १ | क्षमता विकास कार्यक्रम | | |
| | स्थलगत तालिम | उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | • सहभागी छनौट<br>• प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>• तालिम सञ्चालन |
| ख | प्रसार तथा बाह्य सेवा | | |
| | बीउ/ बेर्ना/ मौरी/ माछा भुरा/ पशु नश्ल एवं जैविक विषादी खरिदमा अनुदान | प्रविधि विस्तार गर्ने | • कृषक छनौट<br>• स्रोत केन्द्रको पहिचान<br>• खरिद व्यवस्थापन<br>• वितरण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| ग | पशु उत्पादनमा सहयोग | | |
| | गोठ/ खोर निर्माण/ सुधार | असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | • कृषक छनौट<br>• आधुनिक प्रविधि अवलम्वन गरी नयाँ गोठ निर्माण तथा सुधार<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | पशु नश्ल सुधार | नश्ल सुधार गर्ने | • कृषक छनौट<br>• स्रोत केन्द्रको पहिचान<br>• उन्नत जातको पशु नश्ल (राँगा/ साँढे/ बोका/ वीर/ पाठापाठी/ पाडी र बाच्छी) खरिद तथा वितरण<br>• गर्भ परिक्षण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | पशु स्वास्थ्य(खोप/ परजीवी नियन्त्रण/ उपचार) | पशुमा लाग्ने रोगहरूको जोखिम न्यूनीकरण गर्ने | • कृषक छनौट<br>• प्राविधिक कर्मचारीको व्यवस्थापन<br>• पशु स्वास्थ्य शिविर सञ्चालन |

चौरजहारी नगरपालिका

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| | | | • खोप तथा औषधी खरिद, खोप कार्यक्रम सञ्चालन तथा परजीवी नियन्त्रणका लागि औषधी वितरण<br>• फर्ममा जैविक सुरक्षा व्यवस्थापन<br>• विरामी पशुको उपचार<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | मत्स्य उत्पादन सहयोग कार्यक्रम | | |
| | मत्स्य पोखरी निर्माण | मत्स्यपालनको क्षेत्र विस्तार गर्ने | • स्थान तथा कृषक छनौट<br>• डिजाइन तथा लागत अनुमान तयारी<br>• पोखरी निर्माण<br>• माछापोखरीको पानीको गुणस्तर परीक्षण<br>• माछापालन<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | अन्य कार्यक्रमहरू | | |
| | साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण | • कृषकको कार्यबोझ घटाउने<br>• लागत न्यूनिकरण गर्ने | • कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>• खरिद व्यवस्थापन<br>• वितरण |
| | साना सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो/ थोपा सिंचाइ/ पोखरी) | • सिंचित क्षेत्र विस्तार | • स्थान छनौट<br>• योजना पहिचान<br>• डिजाइन तथा लागत अनुमान तयारी<br>• सम्झौता<br>• निर्माण<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | माटो व्यवस्थापन | • माटोको गुणस्तर सुधार | • माटो नमूना सङ्कलन<br>• माटो परीक्षण/ शिविर<br>• माटो उपचार |
| | बाली संरक्षण सेवा | • रोग कीराको पहिचान | • नमुना सङ्कलन |

चौरजहारी नगरपालिका

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरू |
|---|---|---|---|
| | | तथा व्यवस्थापन | • बाली उपचार शिविर सञ्चालन<br>• परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरू | • बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | • बाँझो जमिनको पहिचान तथा अभिलेखिकरण<br>• खेती गर्ने कृषक, समूह, सहकारी पहिचान र छनौट<br>• मल,बीउ, सिंचाइ र औजार उपकरण सहयोग<br>• नियमित अनुगमन तथा प्रतिवेदन |
| | जैविक मल उत्पादन कार्यक्रम | • रासायनिक मल आयात प्रतिस्थापन गर्ने।<br>• कर्णाली प्रदेशको अर्गानिक उत्पादनमा टेवा पुर्याउने। | • भौतिक संरचना निर्माणमा सहयोग<br>• आवश्यक कच्चा पदार्थमा सहयोग<br>• जैविक मल प्रयोग गर्ने कृषकलाई प्रोत्साहन<br>• बजारीकरणमा सहयोग |
| | जैविक विषादी उत्पादन कार्यक्रम | • रासयनिक विषादीको आयात प्रतिस्थापन गर्ने।<br>• कर्णाली प्रदेशको अर्गानिक उत्पादनमा टेवा पुर्याउने। | • भौतिक संरचना निर्माणमा सहयोग<br>• आवश्यक कच्चा पदार्थमा सहयोग<br>• जैविक विषादी प्रयोग गर्ने कृषकलाई प्रोत्साहन<br>• बजारीकरणमा सहयोग |
| | कृषि उपज सङ्कलन केन्द्र/ हाटबजार/ खसीबोका सङ्कलन केन्द्र स्थापना तथा सञ्चालन | • स्थानीय उत्पादनको बजारीकरण सुनिश्चितता गर्ने।<br>• | • भौतिक संरचना निर्माणमा सहयोग<br>• सम्बन्धित स्थानमा बिक्रि गर्ने उद्यमीलाई प्रोत्साहन<br>• बजारीकरणमा सहयोग<br>• ढुवानीमा सहयोग |
| | फलफूल विरुवा तथा नर्सरी स्थापना | • वातावरण संरक्षण गर्ने<br>• आयआर्जनमा टेवा पुग्ने | • स्थान छनोट<br>• जग्गा व्यवस्थापन<br>• विरुवा रोपण र संरक्षण |

चौरजहारी नगरपालिका

**अनुसूची ६**

**(दफा १८ (२) सँग सम्बन्धित)**

**प्रतिवद्धता पत्र**

चौरजहारी नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) को मिति ............................... सूचना अनुसार ........................................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना सहितको आवेदन पेश गरेको छौं। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता छौं। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ........(.....) वर्ष अगावै जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रमबाट निर्मित संरचनाको सही सदुपयोग नगरेमा जहारीखोला हरित कृषि कृषि आयआर्जन कार्यक्रम कार्यान्वनय कार्यविधि, २०८१ बमोजिम आवश्यक कार्वाही भोग्न तयार भइ यो प्रतिबद्धता व्यक्त छौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला / बुझाउँला।

**कृषक समूहको तर्फबाट**

नामः

पदः

सम्पर्क नम्बरः

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छाप

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

चौरजहारी नगरपालिका

आज्ञाले,

शेरप्रसाद ढकाल

नि.प्रमुख प्रशासकीय अधिकृत